नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय

(.................... शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ४१/०७२

च.नं. :- ४३०६

मिति २०७२/१/१७

श्री सचिव,
गृह मन्त्रालय ।

भूकम्प प्रभावितहरूलाई राहतसम्बन्धी विषय मं.प.बै.सं. ६।०७२ मिति २०७२।१।१७ को मन्त्रिपरिषद्को बैठकमा पेश हुँदा त्यसमा नेपाल सरकार, मन्त्रिपरिषद्ले देहायबमोजिम निर्णय गरेकाले सोबमोजिम कार्यान्वयन हुन नेपाल सरकार (कार्यसम्पादन) नियमावली, २०६४ को नियम २९ बमोजिम अनुरोध गरेको छु—

नेपाल सरकारको निर्णय—

१. "भूकम्पमा परी मृत्यु भएकाहरूको क्रिया खर्चबापत मृतकका एकाघरका निकटतम् परिवारजनलाई प्रति मृतक चालिस हजार रुपैयाँ गृह मन्त्रालयले उपलब्ध गराउने ।

२. मृत्यु भएका व्यक्तिको एकाघरको प्रत्येक परिवारलाई एक लाख रुपैयाँ उपलब्ध गराउने । यस्तो सुविधा जाजरकोटका स्वाइनफ्लुबाट मिति २०७२/१/११ गतेसम्म मृत्यु भएका र धादिङ जिल्लामा हालै विषाक्त रोटीबाट मृत्यु भएका व्यक्तिका सगोलको परिवारलाईसमेत गृह मन्त्रालयले उपलब्ध गराउने ।

३. भूकम्पमा परी घरबारविहीन भएका परिवारलाई नेपाल सरकारले अस्थायी आश्रयस्थलको बन्दोबस्त गर्ने काम सहरी विकास मन्त्रालय, गृह मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको सहयोगमा तत्काल युद्धस्तरमा प्रारम्भ गरी अविलम्ब सम्पन्न गर्ने । सो कार्यका लागि त्रिपाल/टेन्ट, प्लास्टिक सिट वा अन्य स्थानीय निर्माण सामग्री प्रयोग गर्ने ।

४. पुरानो घरबासमा घर चर्केको कारणले घर फर्कन नसक्ने अवस्था एवं सबै परिवारजन गुमाई असहाय भएकाहरूका लागि सुरक्षित स्थानमा शिविर स्थापना गरी राख्ने र अर्को व्यवस्था नभएसम्म खानेबस्ने व्यवस्था गृह मन्त्रालयले गरिदिने ।

५. भूकम्पले चर्केको घरहरू मर्मतका लागि पछि घर निर्माण/पुनर्वास र स्थानान्तरसम्बन्धी कुनै पनि सुविधा नपाउने शर्तनामा गराई प्रति घर परिवार मर्मतबापत पच्चीस हजार रुपैयाँसम्म अनुदान गृह मन्त्रालय मार्फत उपलब्ध गराउने । यस्तो सुविधा बाँके, बर्दिया, दाङ्ग र सुर्खेत जिल्लाका बाढी पीडितहरूलाई समेत उपलब्ध गराउने ।

६. भूकम्पबाट क्षती भएका भौतिक संरचना, सरकारी तथा सार्वजनिक भवन/विद्यालय, ऐतिहासिक, धार्मिक र पुरातात्विक सम्पदाको पुनर्निमाण तथा भूकम्पग्रस्त जिल्लाहरूमा स्वीकृत डिजाइनअनुसार उपयुक्त प्रविधिका घर र सुविधायुक्त बस्ती निर्माणमा भूकम्प पीडितहरूलाई सहयोगलगायतका पुनर्वास एवं पुनर्निमाण कार्यक्रम सञ्चालन गर्न दुई सय अर्बको राष्ट्रिय पुननिमार्ण कोष स्थापना गर्ने । सो कार्यका लागि राष्ट्रिय योजना आयोगले अर्थ मन्त्रालय एवं अन्य सम्बन्धित मन्त्रालय/निकायसमेतको समन्वय

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
(.............................. शाखा)

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :- ४१/०७२
च.नं. :-

मिति :......................



र सहयोगमा अविलम्ब कार्यक्रम तयार पार्ने । यस प्रयोजनका लागि नेपाल सरकारको तर्फबाट बीस अर्ब रुपैयाँ प्रदान गर्ने र बाँकी अन्तर्राष्ट्रिय एवं अन्य स्रोतबाट परिचालन गर्ने । माथि उल्लिखित उद्देश्य पूरा गर्न आवश्यकताअनुसार चालु आ.व.को विनियोजन बजेट पुन:संरचना गर्ने र आगामी आ.व.मा बजेट सम्बन्धित मन्त्रालयहरूले व्यवस्थासमेत गर्ने ।

७. अभिभावक नभएका बालबच्चाको राहत रकम नाबालकका नाममा जिल्ला महिला तथा बालबालिका कार्यालय संरक्षक भई बैङ्क खाता खोलेर राखिदिन र नाबालक बालिग भएपछि सम्बन्धितलाई दिने ।

८. दैवीप्रकोप उद्धार ऐन, २०३९ को दफा ३ बमोजिम मिति २०७२/१/१२ मा घोषणा गरिएको सङ्कटग्रस्त क्षेत्रमा मिति २०७२/१/१२ गतेदेखि नै लागू हुने गरी ओखलढुङ्गा र मकवानपुर जिल्लाहरू थप गरी राजपत्रमा अतिरिक्ताङ्क गरी सूचना प्रकाशित गर्ने ।

९. भूकम्पबाट घाइते भएकाको इम्प्लाण्ट तथा सोसम्बन्धी शल्यक्रिया, औषधी, इम्प्लाण्ट झिक्ने र झिकेपछिको एक अनुगमनसम्मको सम्पूर्ण खर्चका लागि प्रतिव्यक्ति एकमुष्ट पच्चीस हजार रुपैयाँका दरले अस्पताललाई उपलब्ध गराउने र सो रकम भुक्तानी दिएपछि सम्बन्धित व्यक्ति र सरकारसँग अस्पतालले कुनै रकम नलिने/नउठाउने ।

१०. भूकम्प प्रभावितहरूको लागि आवश्यक पर्ने टेन्ट र टारपोलिन खरिद गर्ने अख्तियारी सहरी विकास मन्त्रालयलाई प्रदान गर्ने र खरिदबाट प्राप्त सामग्री माननीय वाणिज्य तथा आपूर्तिमन्त्रीको रेखदेख र नियन्त्रणमा सञ्चालित गोदाममा दाखिला गरी तहाँबाटै वितरण गर्ने व्यवस्था गर्ने ।"

( लीलामणि पौडयाल )
मुख्यसचिव

<u>बोधार्थ तथा कार्यार्थ:</u>

श्री सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय ।
श्री सचिव, अर्थ मन्त्रालय ।
श्री सचिव, महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय ।
श्री सचिव, वाणिज्य तथा आपूर्ति मन्त्रालय ।
श्री सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।
श्री सचिव, सहरी विकास मन्त्रालय ।
श्री सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय ।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७, पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
इमेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np